नगर कार्यपालिकाको
बैठक संख्या 33, २०७९-२०८४
मिति २०८०।०७।१९ को
निर्णय प्रमाणित

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३३, २०७९-२०८४)

मिति : २०८० कार्तिक १९ गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिका वडा नं २ स्थित बर्दहवा गाउँ मन्दिर देखि लक्ष्मी मावि स्कुल कल्भर्टसम्मको सडक कालोपत्रे योजनासँग जोडी सङ्घीय आयोजना कार्यान्वयन ईकाई नेपालगंजको तर्फबाट नाली निर्माणको कार्य गर्दा सडकको सतहभन्दा माथि पर्न गएको र उक्त स्थानमा सडक निर्माण गर्दा राज्यको अनुदानको प्रभावकारिता नदेखिने र नगर्दा भविष्यमा नगरपालिकालाई थप व्ययभार पर्ने अवस्था समेत देखिएको कारण प्राविधिकबाट प्रतिवेदन समेत लिई १५ प्रतिशतसम्मको भेरिएशन आदेश गरी माटो पटानको कार्य गर्ने गरी कायदिश दिने ।

३. बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र मार्फत हरित जलबायु कोषको सहयोगमा कार्यान्वयन हुने खाना पकाउने स्वच्छ उर्जा कार्यक्रममा साझेदारी गर्न इच्छुक स्थानीय तहहरुका लागी आशयपत्र सहितको माग संकलन सम्बन्धि मिति २०८०/०६/२४ गते सूचना प्रकाशित भएकोमा विद्युतीय चुलो जडानका लागि लागत साझेदारी कार्यक्रममा सहभागीता लागी प्रतिबद्धता गर्ने र सो का लागि आवश्यक लागत साझेदारी रकम यस नगरपालिकाको आ.ब. २०८०/०८१ मा विनियोजित सि.नं. ७६७ विद्युतीय नविकरणीय उर्जा प्रबिधी जडान (बायोग्याँस/ विद्युतीय चुलो/ सुधारिएको चुलो/सौर्य उर्जा) शीर्षकबाट व्यहोर्ने र उक्त शीर्षकबाट रकम अपुग हुने देखिएमा समपुरक कोषबाट बढीमा २ लाख रुपैयाँसम्म थप गर्ने ।

४. नगर कार्यपालिकाको कार्यालय एवं अन्तर्गतका शाखा/ उपशाखा/ वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुमा कर्मचारी समय पालना, बिदा, हाजिरी अभिलेख व्यवस्थापन एवं सेवा प्रवाहमा थप सुधार गर्न हाल नगर कार्यपालिकाको कार्यालय एवं शाखा/ उपशाखा/ नगर अस्पताल, सिकलसेल ल्याबमा विद्युतीय हाजिरी प्रणालीलाई एकिकृतरुपमा सञ्चालन एवं व्यवस्थापनका लागी आवश्यक पर्ने विद्युतीय हाजिरी उपकरण खरिद एवं जडान प्रक्रिया अगाडि बढाउने र बाँकी वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा क्रमश केन्द्रीकृत विद्युतीय हाजिरी प्रणाली लागु गर्ने।

५. नगर कार्यपालिकाको कार्यालयको चालु आ.ब. २०८०/०८१ को पहिलो चौमासिक आय व्ययको विवरण अनुमोदन गर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३३, २०७९-२०८४
मिति २०८०/०६/१९ को
निर्णय प्रमाणित

६. नगर कार्यपालिकाको कार्यालय अन्तर्गत राजस्व उपशाखामा रहेको कोठामा कृषि विकास बैंकको सेवा काउण्टर समेत थप हुन लागेकाले उक्त उपशाखाको भौतिक सुधार एवं थप पुर्वाधार व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यय भैपरी आउने पूँजिगत खर्च शीर्षकबाट गर्ने ।

७. यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको कार्यालय प्रयोजनार्थ “द प्रिन्स कलेक्सन“ बाट रेनकोट लगायत सामानहरु खरिद गरिएकोमा सो को बील बराबरको रकम रु १ लाख ९१ हजार रुपैयाँ भुक्तानी गर्ने निर्णय गरियो ।

८. ठुला विद्यालय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको साझेदारीमा प्रदेशबाट श्री लक्ष्मी मा.बि. कोहलपुर २ का लागि चालु आ.ब. २०८०/०८१ मा रु.१ करोड बजेट विनियोजन भएकाले यस नगरपालिकाबाट २०% ले हुन आउने रकम रु. २० लाख समपुरक कोषबाट व्यहोर्ने र सो को सुनिश्चितता पत्र सम्बन्धित निकायलाई उपलब्ध गराउने ।

९. रझेना खानेपानी उपभोक्ता तथा सरसफाई समितिको च.नं. १९ मिति २०८०/०७/०२ को पत्रबाट कोहलपुर नगरपालिका वडा नं. ३ र ४ मा खानेपानी पाईपलाइन बिस्तार गर्न आर्थिक सहयोग मागको पत्र प्राप्त भएकोमा उक्त खानेपानी उपभोक्ता समिति तथा सरसफाई समितिलाई खानेपानी पुर्वाधार निर्माण साझेदारी खर्च शीर्षकबाट रु ५(पाँच) लाख उपलब्ध गराउने ।

१०. कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्था, कोहलपुर ११, बाँकेको च.नं. ६९/०८०, मिति २०८०/०६/२९ को पत्रानुसार उक्त संस्थाले खानेपानी वितरण गर्दै आएकोमा खानेपानीका पाईपहरु १०-१५ वर्ष पहिले बिछ्याईएको र हाल खानेपानीको माग बढ्दो क्रममा रहेकाले पाईपलाईन बिस्तार एवं स्तरोन्नती कार्यका लागी खानेपानी विभागबाट संचालित साना शहरी खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत ७०/३० को अवधारणा अनुसार संस्थाले व्यहोर्नुपर्ने ३०% रकम मध्ये ५% संस्थाले र २५% नगर विकास कोषबाट ऋण लिई व्यहोर्ने प्रस्ताव पेश भएकोमा उक्त खानेपानी उपभोक्ता संस्थालाई नियमानुसार २५% ऋण उपलब्ध गराईदिन नगर विकास कोषमा सिफारिस गर्ने ।

११. यस नगरपालिकाको वडा नं. १४ स्थित श्री राम मा.बि. हवल्दारपुरमा निर्माण भएको व्यवसायिक भवन रहेको स्थलमा माटो पटान तथा ट्रस कार्यका लागी आवश्यक बजेट व्यवस्थापनका लागि वडा कार्यालयबाट सिफारिस भई आएकोमा उक्त भवन स्थलमा हाल माटो पटान कार्य मात्र गरी सो को भैपरी आउने पूँजिगत खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३२, २०७९-२०८४
मिति २०८०।०७।१९ को
निर्णय प्रमाणित

१२. नगर खेलकुद विकास समितिको कार्यालय प्रयोजनका लागि घरभाडामा लिने सम्बन्धमा चालु आ.ब. २०८०/०८१ मा समेत साबिक बमोजिम हुने गरी घरधनीसँग घरभाडा सम्झौता गरी घरभाडामा लिने ।

१३. वन वीउ प्रयोगशाला तथा भण्डारण केन्द्र, नेपालगंज, बाँकेको च.नं. ५३ मिति २०८०/०६/२२ को पत्रबाट साविकको जिल्ला वन कार्यालय बाँके मातहतको लखना रेञ्जपोष्टले विगत वि.सं. २०५०/०५१ सालदेखि हकभोग तथा कार्यालय संचालन गर्दै आएको हालको कोहलपुर नगरपालिका वडा नं. ७ जमुनिया स्थित पर्ती ऐलानी जग्गा कित्ता नं. ४११ करिब २८९० वर्ग मिटर जग्गा वन वीउ प्रयोगशाला तथा भण्डारण केन्द्र बाँकेको नाममा दर्ता श्रेस्ता कायम गर्नका लागि सिफारिस माग गरेकोमा पत्र माग बमोजिम उक्त जग्गाको नियमानुसार दर्ता श्रेस्ता कायम गरिदिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१४. क्षयरोग मुक्त अभियान पालिका घोषण कार्यक्रम अन्तर्गत समुदायस्तरका तथा स्वास्थ्य संस्थामा देखिएका शंकास्पद क्षयरोग बिरामीहरुको खकार संकलन र ढुवानी लागी थ्रि लेयर सामाग्री खरिदका लागी रु २ लाख ५० हजार उपलब्ध गराउने ।

१५. सिकलसेल एनिमिया समन्वय समितिको मिति २०८०/०७/१६ गतेको बैठकबाट भएको देहायको बजेट बाँडफाँड सम्बन्धी निर्णय अनुमोदन गर्ने ।

| सि नं | विवरण | अनुमानित लागत रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| १ | मेशीन तथा उपकरण खरिद (माइक्रोस्कोप, एनालाइजर, यूपिएस, ल्याब व्यवस्थापन, एक्सरे ३०० एमएम, सिआर, सेन्ट्रिफ्युज) | ३६०० | |
| २ | तालिम तथा अभिमुखीकरण | ३०० | |
| ३ | विमा | १०० | |
| ४ | रियजेन्ट खरिद | १००० | |
| ५ | औषधी तथा प्रयोगशाला सामाग्री खरिद | ५०० | |
| ६ | चिकित्सा तथा परामर्श सेवा | २०० | |
| ७ | सफ्टवेयर तथा प्रिन्टर खरिद | २०० | |
| ८ | मेशीनरी मर्मत खर्च | ३०० | |
| ९ | सिकलसेलको पाठ्यक्रम सहितको कक्षा ९ र १० को किताब छपाई | ३०० | |
| १० | सूचना सञ्चार प्रकाशन तथा प्रसारण खर्च | २०० | |
| ११ | विविध | ३०० | |
| | जम्मा | ७००० | |



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २३, २०७९-२०८०
मिति २०८०/०६/१९ को
निर्णय प्रमाणित

१६. वडा नं ६ स्थित अस्थायी प्रहरी चौकीको साबिक बमोजिमको मासिक ६ हजार रुपैयाँ घरभाडा रकम भुक्तानी गरिदै आएको कार्यलाई चालु आ.व. २०८०/०८१ मा समेत निरन्तरता दिने र वडा नं १२ र १३ स्थित अस्थायी प्रहरी चौकीको विषयमा समेत प्रकृया पुरा गरी सम्झौता गरी चालु आ.व. २०८०/०८१ का लागि घरभाडा भुक्तानी गर्ने ।

१७. आ.व. २०७९/०८० मा सञ्चालित कोहलपुर नगरपालिका वडा नं ३ स्थित फुलबारी टोल कालोपत्रे योजनाको रकम भुक्तानी नभएकोले र हाल न्यौपाने कन्स्ट्रक्शन मार्फत उक्त कार्य सम्पन्न गरेको भनी रकम माग भइ आएको हुँदा निजलाई जरिवाना स्वरुप सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम १० प्रतिशन हर्जाना लगाई रकम भुक्तानी गर्ने ।

१८. कोहलपुर नगरपालिका अन्तर्गत सञ्चालित देहाय बमोजिमका योजनाहरुको पेश्की/भुक्तानीका लागि रकम अभाव भएका कारण पछि सम्बन्धित कोष/खर्च शीर्षकबाट शोधभर्ना हुने गरी हाल समपुरक कोषबाट भुक्तानी गर्ने ।

क. कोहलपुर नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु १ करोड २५ लाख भुक्तानी दिने ।

ख. राजमार्ग जोड्ने सडक निर्माण कोहलपुर २,३,१० र ११ का लागि रु १२ लाख ५० हजार रुपैयाँ भुक्तानी दिने ।

ग. वडा नं ७ कार्यालयदेखि लखनवार सम्म सडक कालोपत्रे योजनाका लागि रु १० लाख ५० हजार रुपैयाँ भुक्तानी दिने ।

घ. कोहलपुर गोल्डकप सञ्चालनका लागि रेसिङ सहारा क्लबलाई रु १० लाख पेश्की दिने ।

१९. कोहलपुर बसपार्क निर्माण सम्पन्न भई सञ्चालन भईरहेकोमा बसपार्क क्षेत्रभित्र यात्रुहरुको सहजताका लागी निर्माण सम्पन्न गरिएको ट्रष्ट, बस्ने बेञ्च, रेलिङ् एवं समरसिबल पम्प जडान लगायत संरचना निर्माणमा भएको खर्चको भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट बिल बमोजिम रु.१३ लाख भुक्तानी दिने ।

२०. यस नगरपालिका भित्र घर नक्शा निर्माण ईजाजत बिना निर्माण सम्पन्न भएका तथा निर्माण ईजाजत लिए पश्चात मापदण्ड विपरित निर्माण सम्पन्न भएका भवनहरुको हकमा पुनः एक पटकका लागी २०८० साल असोज मसान्त सम्म दर्ता गरी अभिलेखिकरण प्रमाणपत्र दिने गरी कार्यपालिकाको २०८०/०५/०३ को निर्णयानुसार सूचना प्रकाशन गरिएकोमा कर्मचारीहरुको आन्दोलन लगायतको कार्यबाट अन्तिम अवधिमा उल्लेखित कार्य अवरुद्ध भएका कारण २०८१ असार मसान्त सम्मका लागि पुनः एकपटक म्याद थप गरी घर नक्शा अभिलेखिकरणका लागि निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने ।



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३३, २०८०-०८१
मिति २०८०।०७।१९ को
निर्णय प्रमाणित

२१. कोहलपुर नगरपालिका क्षेत्रभित्र रहेका छाडा चौपाई (गाई गोरु) हरुको व्यवस्थापनका लागि बाँसगढी नगरपालिकामा रहेको गौशालामा राखे सम्बन्धमा आवश्यक सहजीकरण गर्न बाँसगढी नगरपालिकासँग समन्वय गर्ने र सो को लागि आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने भएमा लागत अनुमान तयार गर्न लगाई भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट उक्त कार्यमा लगानी गर्ने ।

२२. मिति २०८० कात्तिक १७ गते जाजरकोट जिल्ला केन्द्रबिन्दू भई गएको भूकम्पमा परी ठुलो संख्यामा मानिसहरुको मृत्यु भएको घटनाप्रति दुख व्यक्त गर्दै मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै भूकम्पबाट घाइते हुने व्यक्तिहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौ । उक्त क्षेत्रमा रहेका भूकम्प प्रभावित व्यक्तिहरुको जनजीवनलाई सामान्य बनाउन तथा राहतका लागि कोहलपुर नगरपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु ३ लाख बराबरको खाद्यान्न तथा न्यानो कपडा उपलब्ध गराउने ।

२३. कोहलपुर नगर कार्यपालिकाको मिति २०८० असोज २ गतेको बैठकको निर्णय नं २० मा कोहलपुर नगरपालिकाको स्थानीय पाठ्यक्रममा आधारित कक्षा १ देखि ३ सम्मको पुस्तक छपाईको कार्यदिश दिईसकिएको र कक्षा ४ र ५ को पुस्तक छपाईको कार्य अन्तिम चरणमा पुगेकोले सोको बील अनुसारको रकम स्थानीय पाठ्यपुस्तक निर्माण तथा पाठ्यक्रम प्रबोधीकरण शीर्षकबाट भुक्तानीको प्रकृया अघि बढाउने भन्ने निर्णय हुनुपर्नेमा अन्यथा हुन गएकोले संशोधन गर्ने ।

२४. यस नगरपालिकामा 'घ' वर्ग निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनी निवेदन पेश गरी प्रक्रिया पुरा गरेका जय श्री सिद्धी विनायक कन्ट्रक्सन प्रा.लि, कोहलपुर ११ लाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने ।

२५. गुणस्तर तथा नापतौल कार्यालय, नेपालगंजबाट कार्यालय भवनका लागी घर वा कार्यालय निर्माणका लागी जग्गा उपलब्ध गराई सहयोग गरिदिनुहुन भनी च.नं. ९, मिति २०८०/०४/१८ को पत्र प्राप्त भएकोमा कोहलपुर नगरपालिका वडा नं. २ स्थित कित्ता नं ५ को २ कठ्ठा जग्गा उपलब्ध गराउन सिफारिश गर्ने र कित्ता नं ६ को दुई कठ्ठा जग्गामा जग्गाको भोगाधिकार तथा स्वामित्व नेपाल सरकारमा नै रहने गरी जग्गाको संरक्षण गर्ने उद्देश्यका साथ गुरुङ समुदायका लागि समाजघर निर्माण गर्ने ।

२६. सामुदायिक रेडियो प्रतिबोध एफ.एम. कोहलपुर ११, बाँकेको ब्याट्रि खरिदका लागि अनुदान सहयोगका लागि च.नं. १६ मिति २०८०/०७/१९ को पत्र प्राप्त भएकोमा उक्त एफ.एम. लाई रु १ लाख ५० हजारको सीमा ननाघ्ने गरी आवश्यक ब्याट्रि भैपरी आउने पुँजिगत शीर्षकबाट खर्च हुने गरी खरिद गरी उपलब्ध गराउने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३३,२०७९-२०८४
मिति २०८०।०७।१९ को
निर्णय प्रमाणित

२७. कोहलपुर बसपार्कभित्र रहेका शौचालयको व्यवस्थापनका लागि कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधी, २०८० बमोजिम व्यवस्थापकले नै सरसफाई र सामाग्री व्यवस्थापन गरी सेवाग्राहीलाई निशुल्क प्रयोग गर्ने गरी सामाग्री तथा जनशक्ति व्यवस्था गर्ने उल्लेख भई सोही बमोजिम सम्झौता भएकोमा शौचालयको सरसफाई एवं व्यवस्थापन गर्न नसकिएकोले कार्यविधि बमोजिमको शुल्क लिने गरी शौचालय सरसफाई तथा व्यवस्थापन सम्बन्धमा आवश्यक प्रकृया अघि बढाउने गरी कार्यविधिमा संशोधन गर्ने ।

२८. भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिका वडा नं. १३ मा रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको तपसिलको विवरण बमोजिम मालपोत कार्यालय, कोहलपुर, बाँकेको च.नं. ३७७, मिति २०८०/०७/१९ पत्र बाट भेरिफिकेसन भै आएकोले नापजाँच कार्यका लागी राष्ट्रिय भूमि आयोग जिल्ला समिति, बाँकेमा पठाउने ।

तपसिल

| सि.नं. | वडा नं. | भुमिहिन दलित, भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| १ | १३ | ९३ जना | १११५ जना |

२९. कोहलपुर नगरपालिकाको न्यायिक समितिको सचिवालयमा रहेको LED टेलिभिजन राम मावि हवल्दारपुरलाई र नगर उपप्रमुखको कार्यकक्षमा रहेको LED टेलिभिजन जनज्ञानज्योती मावि कोहलपुर ११ लाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

३०. सरस्वती सामुदायिक वनमा समरसिवल धारा जडानका लागि माग भई आएको हुँदा सो सम्बन्धी कार्यका लागि आवश्यक पर्ने रकम भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट गर्ने ।

३१. सङ्घीय सरकारको समपुरक अनुदानबाट प्राप्त डुडुवा/रोहिणी खोलामा तटबन्ध निर्माणका लागि नेपाल सरकारबाट प्राप्त अनुदान तथा यस कार्यालयको तर्फबाट व्यहोरिने रकम समेतमा ४० प्रतिशत रकम थप गरी वडा नं १० को बस्ती समेत संरक्षण गर्ने गरी लागत अनुमान तयार गर्ने र नपुग रकम कोहलपुर नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत